# सुन्दरहरैचा नगरपालिकाको कार्यालय
## विराटचौक, मोरङ
## शिलबन्दी बोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७५ /०५/ ११

यस सुन्दरहरैंचा नगरपालिकाको कार्यालय विराटचौकद्वारा आ.व. २०७५/७६ का लागी आन्तरिक आय अन्तर्गत तपशिल बमोजिमको वस्तुमा बिक्री मुल्य तथा निकाशी दस्तुर असुली गर्ने कार्य ठेक्का वन्दोवस्तको माध्यमद्धारा संकलन गर्नु पर्ने भएको हुदा इच्छुक फर्म वा कम्पनीवाट यो सुचना प्रकाशित मितिले ३० तिस दिन भित्र कार्यालय समयमा तपशिल बमोजिमका शर्त र बन्देजको अधिनमा रहि बोलपत्र फारम यस नगरपालिकाको कार्यालयबाट खरिद गरि ३१ औ दिन दिनको १२ वजे भित्र शिलवन्दी वोलपत्र दर्ता गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ । E-bidding को माध्यमबाट बोलपत्र पेश गर्न चाहने इच्छुक फर्म वा कम्पनीले www.bolpatra.gov.np/egp बाट पनि बोलपत्र दाखिला गर्न सकिनुको साथै जुन माध्यमबाट बोलपत्र फारम खरिद गरिएको छ सोही माध्यमबाट बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि न | ठेक्का नं. | विवरण | मु. अ. कर सहित सम्झौता भए पश्चातका लागी न्युनतम ठेक्का अंक | बोलपत्र मुल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | १३ राजश्व | यस नगरपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु मध्ये वनक्षेत्र वाहेकको खदम, गछिया र वुढी खोला अन्तर्गत IEE प्रतिवेदनका आधारमा बोलपत्रले उत्खनन् गर्न अनुमति दिएको परिमाण सम्मका लागी ढुङगा ,गिट्टी,रोडा,वालुवा तथा भरौट/माटोको विक्री मुल्य असुली | रु १,५०,९०,४८२।० | ३०००।०० | |
| २ | १४ राजश्व | यस नगरपालिका क्षेत्र भित्रका खोलानालाबाट IEE भइ उत्खनन् भएका तर यस नगरपालिका क्षेत्र भित्र खपत नभइ अन्य क्षेत्रमा निकाशी हुने ढुङगा,रोडा,गिट्टी,वालुवा भरौट/माटोको निकाशी दस्तुर संकलन | रु ४९,३८,७०३।०० | ३०००।०० | |

चितम्बर बस्ती
लेखा अधिकृत

शर्तहरु

१. विक्री मुल्यको दररेट तथा निकाशी दस्तुरको दररेट बोलपत्र फारम साथ उपलब्ध गराइने छ।

२. बोलपत्र फारम खरिद र दाखिला माथी तोकिएको समय भन्दा अगावै खरिद गर्न र दाखिला गर्न सकिने छ।

३. E-bidding वा शिलबन्दीको माध्यमबाट बोलपत्र दाखिला गर्ने व्यक्ति नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत धरौटी यस कार्यालयको नाममा रहेको कृषी विकास वैंकको खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरि उक्त सक्कल भौचर शिलबन्दी फारम साथ संलग्न गर्नुपर्ने छ वा नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त “क” श्रेणीको वैकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिनको मान्य म्याद अवधी भएको बिडवन्ड धरौटी स्वरुप पेश गर्नु पर्ने छ। साथै E- bidding मार्फत बोलपत्र खरीद गर्न चाहने बोलपत्रदाताले बोलपत्र फारम खरीद गर्दा भुक्तानी गर्नुपर्ने रकम सुन्दरहरैंचा नगरपालिकाको कृषि विकास बैंकमा रहेको संचित कोष खाता नं ०६०१५०११४७६३००८१ मा जम्मा गरी सो को भौचर समेत स्क्यान गरी पेश गर्नुपर्नेछ।

४. ढुंगा,गिटि,रोडा, बालुवा, माटो/भरोटको विक्री सम्बन्धी ठेक्का, ठेक्का अवधि सम्झौता भएको मिति देखी २०७६ जेठ मसान्तसम्म कायम रहने छ। तर ढुंगा, गिटि, रोडा, बालुवा, माटो/भरोटको निकासी दस्तुर संकलनको ठेक्का २०७६ असार मसान्तसम्म कायम रहने छ।

५. बोलपत्रदाताले शिलवन्दी खामको बाहिर स्पष्टपमा बोलपत्रदाताको नाम र यस कार्यालयको नाम लेख्नु पर्ने छ।

६. बोलपत्रदाताले छुट्टा छुट्टै खाममा अलग अलग ठेक्काको अलग बोलपत्र शिलवन्दी गरी पेश गर्नु पर्ने छ। साथै बोलपत्र पेश गर्दा कम्तिमा पनि आ.ब.२०७३/७४ को कर चुक्ता प्रमाण पत्र प्रतिलिपी, स्थायी लेखा नम्बर भएको प्रमाणपत्रको प्रतिलिपी, व्यवसायी प्रमाणपत्रको प्रतिलिपी तथा अन्य आवश्यक कागजात पेस गर्नु पर्ने छ। साथै E-bidding मार्फत बोलपत्र पेशगर्ने बोलपत्र दाताले उक्त आवश्यकिय कागजात स्क्यान गरी पेश गर्नुपर्नेछ।

७. कबोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइने छ। लेखिकएको अंक वा अक्षरलाइ काट्नु परेमा पुन लेखि सहि छाप गर्नु पर्ने छ।

८. ठेक्का रकम किस्तामा बुझाउनेका लागी पहिलो किस्ता ५० प्रतिशत, दोस्रो किस्ता ३० प्रतिशत र अन्तिम किस्ता २० प्रतिशत कायम गरिएको छ। पहिलो किस्ता सम्झौता गर्दा कै बखतमा, दोस्रो किस्ता पौस मसान्त भित्रमा र अन्तिम किस्ता चैत्र मसान्त भित्रमा बुझाउनु पर्ने छ तर किस्तामा बुझाउन चाहने व्यक्तिले नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त “क” श्रेणीको वैंकबाट यस कार्यालयको नाममा जारी भएको दोस्रो र तेस्रो किस्ता बराबरको बैक ग्यारेन्टी सम्झौता गर्दा कै बखतमा अनिवार्य रुपमा पेश गर्नुपर्ने छ। तर सम्झौता गर्दा कै बखतमा एक मुस्ट रकम बुझाएमा मु.अ. कर बाहेकको रकममा १० % ( प्रतिशत ) रकम छुट दिइने छ।

पिताम्बर बस्ती
लेखा अधिकृत

सुन्दरहरैंचा नगरपालिका मोरङ २०७३

पिताम्बर बस्ती लेखा अधिकृत

९. ठेकेदारले राखेको धरौटी ठेक्का अवधि समाप्त भएपश्चात आन्तरिक राजश्व कार्यालयबाट कर तिरेको प्रमाण ल्याए पछि फिर्ता गरिने छ । साथै कार्यालयबाट उपलब्ध गराएको पट्टामा उल्लेखित दर भन्दा बढी दरमा विक्री मुल्य र निकासी दस्तुत असुली गरेको पाइएमा सोहि धरौटी वा बिडवन्डबाट कट्टा गरि सम्बन्धित व्यक्तिलाइ फिर्ता गरिने छ ।

१०. ठेक्कासंग सम्वन्धित रसिदहरु ठेक्दार स्वमं आफैले छपाई गरि यस नगरपालिकाबाट प्रमाणित गरि प्रयोग गर्नु पर्ने छ । कार्यालयबाट प्रमाणित नगरि रसिद प्रयोग गरेको पाइएमा नियमानुसार कारवाही हुनेछ ।

११. IEE प्रतिवेदनमा उल्लेख भएका उत्खनन् क्षेत्र बाहेक अन्य क्षेत्र वा कुनै व्यक्ति, मठ मन्दिर, विद्यालय ,कुलो बांध, बाटो आदिमा क्षति पुग्ने गरि खोलाजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन । साथै खोलाजन्य पदार्थ उत्खनन् पश्चात ढुवानी वा मौजात प्रयोजनका लागी कसैको निजि जग्गा प्रयोग गर्नु पर्ने भएमा त्यसवाट उत्पन्न हुने दायित्वका लागी नगरपालिका जवाफदेहि हुने छैन ।साथै सम्बन्धित व्यक्तिसंग इजाजत लिनु पर्ने भएमा स्वयम् ठेकदार आफैले लिनु पर्ने छ ।

१२. तोकिएको माफदण्ड विपरित भुक्षय वा बाढी पहिरो जाने गरि खोलाजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन ।

१३. नगरपालिककाका खोला क्षेत्रबाट उत्खनन् हुने परिमाणको विवरण र स्थान बोलपत्र फारमसाथ उपलब्ध हुने छ । साथै पुल, कल्भर्ट, कज्वे, राजमार्ग सडक तथा सार्वजनिक निर्माण स्थल आदिबाट तल माथि ५०० मिटर सम्म खोलाजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन ।

१४. IEE प्रतिवेदनले मेसिन प्रयोग गर्न ईजाजत दिएको भए पनि जिल्ला समन्वय समितीसँगको समन्वयमा यस कार्यालयबाट मेसिन प्रयोग गर्नका लागी ईजाजत दिएको स्थानमा मात्र मेसिन प्रयोग गरी खोलाजन्य पदार्थ उत्खनन् गर्न पाइने छ । तर तालुक अड्डाबाट मेसिन प्रयोग गर्न इजाजत प्राप्त भएको खण्डमा IEE प्रतिवेदनमा उल्ल्ख नभए पनि मेसिन प्रयोग गर्न बाधा पर्ने छैन ।

१५. IEE प्रतिवेदनले उत्खनन् गर्न इजाजत दिएको परिमाणका लागी कार्यालयले जुन जुन स्थानलाई घादगद्दिका लागि सिमा एकिन गरेको छ सो स्थानबाट खोलाजन्य पदार्थ उत्खनन् गर्दा लाग्ने लागत स्वयम् ठेक्दारले वहन गर्नु पर्ने छ ।

१६. श्रमिकद्वारा हातले कुटेको गिट्टी ,छानेको वालुवा समेत व्यवसायिक प्रयोजनका लागी विक्रि हुदा खोला विक्री मुल्य लिन बाधा पर्ने छैन ।

१७. समय सपेक्ष कार्यालयले दिएका निर्देशन पालना गर्नुपर्ने छ । साथै मासिक रुपमा ठेक्दारले आफुले निकालेको खोलाजन्य पदार्थको विवरण यस कार्यालयलाइ बुझाउनु पर्ने छ ।

१८. खोलाजन्य पदार्थ उत्खनन् गर्दा विहान सुर्योदय पश्चात र बेलुका सुर्यास्त अगाडी गर्नुपर्ने छ ।

पिताम्बर बस्ती
लेखा अधिकृत

सुन्दरहरैंचा नगरपालिका
मोरङ
२०७३

१९. बन्द हड्ताल जस्ता मानव सिर्जित घटनाका कारणबाट हुने नोक्सानीका लागी कुनै क्षतिपुर्ति वा छुट मिनाहा माग गर्न पाइने छैन र कार्यालयले उपलब्ध पनि गराउने छैन।

२०. एक कम्पनी वा फर्मले खरिद गरेको बोलपत्र फारम अर्को कम्पनी वा फर्मले प्रयोग गरी पेश गर्न पाइने छैन।

२१. निकाशी शुल्क वा विक्री मुल्य असुलीका लागी ढाट प्रयोग गर्न पाइने छैन।

२२. यस नगरपालिका क्षेत्र वाहेक अन्य स्थानीय तहका खोलाबाट उत्खनन् भई प्रमाणित भएका खोलाजन्य पदार्थ निकाशी हुदा निकाशी शुल्क लिन पाइने छैन।

२३. कार्यालयले आवश्यक ठानेमा कुनै कारण देखाइ वा नदेखाइ कुनै वा सवै वोलपत्र अस्वीकृत गर्न सक्ने छ।

२४. IEE प्रतिवेदनले उल्लेख गरेका खोलाका नाका, नाकामा भएका खोलाजन्य पदार्थको परिमाण तथा दररेट वोलपत्र फारम साथ संलग्न गरिने छ।

२५. यस सुचनामा उल्लेख भएका कुराको हकमा सोही वमोजिम र नभएको हकमा प्रचलित कानुन ,स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा रकम र सरकारी ठेक्का वन्दोवस्त ऐन २०२० अनुसार हुने छ।

पिताम्बर बस्ती
लेखा अधिकृत